## गैरआवासीय नेपाली संघ

## संविधान सभालाई नेपालको भावी संविधानको रुपरेखा सम्बन्धमा गैरआवासीय नेपाली संघको सुझाव

### १) भूमिका

हालैका केही वर्षहरुमा नेपालमा ठूला राजनैतिक परिवर्तन भएका छन्। गैरआवासीय नेपाली समुदायले ती परिवर्तनहरुलाई ठूलो उत्सुकतासाथ हेरिरहेको छ। कतिपय अवस्थामा विभिन्न तरिकाबाट परिवर्तनहरुलाई केही योगदान पनि गरेको छ। मुलुक अहिले नयाँ संविधानको लेखन प्रकृयामा छ र यस प्रकृयालाई पनि गैरआवासीय नेपाली समुदायले सहयोग गर्ने निधो गरेको छ। यसै परिप्रेक्षमा गैरआवासीय नेपाली संघले संविधान सभामा प्रस्तुत गर्न सुझाव तयार पार्नका लागि प्रो. सुर्य प्रसाद सुवेदी को संयोजकत्वमा एक संविधान सुझाव समिति गठन गरेको थियो।

समितिमा रहेका सबै सदस्यहरुको नामावली *अनुसूचि १* मा दिइएको छ। त्यस्तै गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको नामावली *अनुसूचि २* मा संलग्न गरिएको छ ।

### <u>२)सुझाव संकलन र संयोजन विधि</u>:

संविधान सुझाव समितिले संविधानमा समेट्नु पर्ने विभिन्न विषय समावेश गरी एक प्रश्नावली तयार पारेको थियो। उक्त प्रश्नावली ४८ मुलुकका गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषदहरुलाई संयोजकको पत्र सहित पठाइएको थियो। संयोजकको पत्र र प्रश्नावली *अनुसूचि ३* मा दिइएको छ। सुझाव तयार पार्ने क्रममा विभिन्न मुलुकका गैरआवासीय नेपालीहरुको सक्रिय सहभागिता रहेको थियो। विभिन्न राष्ट्रिय समन्वय परिषदहरुले अन्तरकृया गरेका थिए। कतिपय अवस्थामा त्यस्ता अन्तरकृया सम्बन्धित मुलुकमा अवस्थित नेपाली कुटनैतिक नियोगहरुको समेतको सहभागितामा भएका थिए। सम्बन्धित मुलुकका गैरआवासीय नेपालीहरुको सहभागीतामा भएको अन्तरकृयामा नेपाली समूदायको विविध पक्ष एवं समूह प्रतिनिधित्व गर्ने महिला, दलित, जनजाती, आदिवासी, मधेशी लगायतका समूदाय एवं समूहहरु, पेशाकर्मी, बुद्धिजीवी, व्यवसायी, राजनैतिक दलका भातृ संगठनका प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो।
संविधान सुझाव समितिलाई सुझाव पठाउने राष्ट्रिय समन्वय परिषद र तिनले पठाएका सुझावहरु *अनुसूचि ४* मा दिइएका छन् ।

राष्ट्रिय समन्वय परिषदहरु वाट विशेष गरी राज्यको संरचना र शासन पद्धतिका वारेका सुझाव हरुमा समानता नभएको र कतिपय अवस्थापा ति वाझिने प्रकृतिका भएका कुर यहाँ उल्लेख गर्नु पर्दछ । त्यस्तो समान प्कृतिका सुझाव प्राप्त नभएको अवस्थामा बुसंख्यक गैरआवासीय नेपालिको विचारलाई प्रतिविम्वित गर्ने गरि समितिले तयार पारेका शुझाव समावेश गरिएका छन् ।

**३)गैरआवासीय नेपाली समुदायका प्रमुख सुझावहरुको सारांश**:

गैरआवासीय नेपाली संघले तयार पारेको प्रमुख सुझावहरु निम्न बमोजिम छन्:

- निर्माणाधीन नया संविधानले जनतामा निहित सार्वभौमिकता, मुलुकको क्षेत्रीय अखण्डता, बहुलवादी प्रजातन्त्र, अन्तर्राष्ट्रिय रुपमा मान्यता प्राप्त मानवअधिकार को सम्मान, विविधतामा एकता, सवै राष्ट्रिय र अन्तर्राष्ट्रिय द्वन्दको शान्तिपूर्ण समाधान को पूर्ण प्रतिवद्धता जस्ता लोकतान्त्रिक मूल्य मान्यताहरुलाई आत्मसाथ गर्नु पर्दछ ।
- गैरआवासीय नेपाली संघ नेपालमा अत्यन्त ठूलो विकासको सम्भावना भएको कुरामा विश्वासरत छ। नेपालले भविष्यका दुई आर्थिक शक्ति राष्ट्र चीन र भारतविचको अवस्थितिको सदुपयोग गर्नु पर्दछ। यसकालागि राजनैतिक स्थिरता अनिवार्य शर्त हो। नेपालका सबै सरोकारवालाहरु र विशेष गरी राजनैतिक दलहरुलाई संविधान निर्माण कार्यलाई उच्चतम प्राथमिकता दिन संघ आग्रह गर्दछ।
- वालिग मताधिकारका आधारमा भएको प्रत्यक्ष निर्वाचनमा ५० प्रतिशत भन्दा बढि मत ल्याई निर्वाचित राष्ट्रपति देशको मुख्य कार्यकारी हुने व्यवस्था गरिनु पर्दछ । राष्ट्रपति संघीय (केन्द्रिय) संसद प्रति उत्तरदायी हुने र संसदले राष्ट्रपति विरुद्ध महाभियोग लगाउन सक्ने व्यवस्था गरिनु पर्दछ ।
- राष्ट्रपतिको कार्यकाल ५ वर्षको हुने र २ पटक भन्दा बढि निर्वाचित हुन नपाउने व्यवस्था गरिनु पर्दछ ।
- नेपालले भू-वनोट, आर्थिक संभावना (साधन, श्रोतको स्थिति) नेपालको भौगोलिक र जातीय विविधतामा आधारित संघीय प्रणाली लागु गरिनु पर्दछ। नेपालको संघीय प्रणाली मुलुकको क्षेत्रीय अखण्डतालाई बलियो पार्ने, मुलुकको विभिन्न क्षेत्रको समानुपातिक विकास सुनिश्चित गर्ने र सबै जनतालाई सामाजिक न्याय प्रदान गर्ने किसिमको हुनु पर्दछ। धर्म, लिंग, जातीय अधारमा विभेदको स्थिति हुनु हुँदैन र समाजमा जातिय सद्भावलाई बढावा दिइनु पर्दछ। यहाँ कुनै पनि गैरआवासीय नेपाली राष्ट्रिय समन्वय परिषदले जातीय आधारमा संघको संरचनाको निर्माणलाई समर्थन नगरेको कुरा मनन योग्य छ।
- संसद दुई सदनात्मक हुनु पर्दछ। तल्लो सदनको निर्वाचन क्षेत्रमा सबभन्दा बढि मत ल्याउनेले जित्ने (प्रत्यक्ष प्रणाली) र दलले पाएको मत प्रतिशतका आधारमा निर्वाचित हुने (समानुपातिक प्रणाली) बाट बराबरीको संख्यामा सदस्य निर्वाचित हुनु पर्दछ। माथिल्लो सदनमा भने राष्ट्रपतिद्वारा केही संख्यामा सदस्यहरुको मनोनयनको प्रावधान राखिनु पर्दछ।
- संघीय निर्वाचनमा कूल मतको ३ प्रतिशत भन्दा कम मत पाउने राजनैतिक दलले संसदमा समानुपातिक तर्फको सदस्यतामा स्थान नपाउने व्यवस्था गरिनु पर्दछ।
- प्रजातन्त्रको स्थायित्वका लागी राजनैतिक दलहरुमा आन्तरिक प्रजातन्त्रको अभ्यास हुनु आवश्यक छ। मान्यता प्राप्त सबै राजनैतिक दलले प्रत्येक ५ वर्षमा आफ्ना सबै तहका नेताहरुको निर्वाचन गर्ने व्यवस्था गरिनु पर्दछ। त्यस्तै संसदीय निर्वाचनका उम्मेदवारको चयन पनि दलको स्थानीय इकाइले गर्ने व्यवस्था मिलाइनु पर्दछ।

- दुई नयाँ निकायहरु संवैधानिक अदालत र उच्च सल्लाहकार परिषदको व्यवस्था गरिनु पर्दछ। संवैधानिक अदालतलाई संविधान सम्बन्धि मुद्दाहरु र निर्वाचन सम्बन्धि मुद्दाहरुको निरुपण गर्ने अधिकार दिइनु पर्दछ भने मुलुकमा संकटकालको घोषणा एवं बाधा अड्चन फुकाउने अधिकारको राष्ट्रपतिद्वारा प्रयोगकालागि उच्च सल्लाहकार परिषदको सल्लाह अनिवार्य बनाइनु पर्दछ।
- महिला, दलित, जनजाति, आदिबासी, मधेशी, थारु लगायतका पछि पारिएका समूहहरुलाई अगाडि ल्याउन सकारात्मक व्यवस्था गरिनु पर्दछ तर कुनै पनि यस्ता विभेदका उपायहरु निश्चित समय तोकी मात्र लागु गरिनु पर्दछ।
- कतै ऊल्लेख नभएका वाधा अड्चन फुकाउने लगायतका अधिकार राष्ट्रपतिमा निहित गरिनु पर्दछ तर यस्तो अधिकारको प्रयोग उच्च सल्लाहकार परिषदको पूर्व सहमतिमा मात्र प्रयोग गरिने व्यवस्था हुनु पर्दछ। त्यस्तै केन्द्र र प्रान्त बीचको प्रष्ट रुपमा निर्क्योल नभएको आधिकार केन्द्रमा निहित हुने व्यवस्था हुनु पर्दछ।
- संकटकालको घोषणा अधिकार राष्ट्रपतिमा निहित गरिनु पर्दछ तर यस्तो अधिकारको प्रयोग उच्च सल्लाहकार परिषदको पूर्व सहमतिमा मात्र गरिने व्यवस्था हुनु पर्दछ।
- भ्रष्टाचार नियन्त्रणकालागि एक बलियो स्वतन्त्र निकाय बनाइनु पर्दछ। संघीय संसद प्रति जवाफदेयी हुने यो निकायलाई भ्रष्टाचार नियन्त्रण गर्ने र संबन्धित प्रकृया र नीतिहरु बनाउने र लागू गर्ने अधिकार दिइनु पर्दछ।
- समावेशी प्रकारको राष्ट्रिय सुरक्षा परिषदको व्यवस्था गरिनु पर्दछ। यस सुरक्षा परिषदले नेपालको सुरक्षा निकायहरु र सेनाको परिचालनमा राष्ट्रपतिलाई सहयोग गर्ने व्यवस्था मिलाइनु पर्दछ।
- नेपाली मूलका सबै व्यक्तिहरु र तिनका परिवारलाई कुनै अन्य मुलुकको नागरिकता लिएकै भरमा नेपाली नागरिकता त्याग्नु पर्ने बाध्यात्मक अवस्था राखिनु हुँदैन। सम्बन्धित व्यक्तिले चाहेमा नेपाली नागरिकता कायमै राख्न सक्ने व्यवस्था गरिनु पर्दछ।

## ४) गैरआवासीय नेपाली संघको सुझावको वृहद पाठ

### क) संविधानको प्रस्तावना

संविधानको प्रस्तावना राष्ट्रको मूलभूत मूल्य मान्यतालाई परिभाषित गर्ने र साथै नेपालको बारेमा वाह्य विश्वमा सकारात्मक सन्देश लैजाने किसिमको हुनु पर्दछ। यसले महान नेपाली जनताको गौरवमय इतिहास प्रतिविम्वित गर्नुका साथै नेपालको भावी पुस्तालाई वर्तमान पुस्ताका आकांक्षाका आधारमा पथप्रदर्शन गर्नु पर्दछ। यसले राज्यका प्रमुख अंगहरु र सार्वजनिक पद धारण गर्ने प्रमुख व्यक्तिहरुलाई काम गर्ने निर्देशक सिद्घान्तहरु प्रदान गर्नु पर्दछ। यसले हालैको इतिहासका केही नकारात्मक पक्षहरुमा मात्र धेरै ध्यान दिनु हुँदैन। साथै समय अनुसार परिवर्तन

हुने सिद्धान्तहरु प्रस्तावनाले समेट्नु हुँदैन। यसै अनुरुप प्रस्तावनाले निम्न कुराहरु समेट्नु पर्दछ भन्ने हाम्रो मान्यता छ:

- नेपालको स्वतन्त्रता, सार्वभौमिकता, क्षेत्रीय अखण्डता र अभिभाज्यताको रक्षा गर्ने प्रतिवद्धता
- शान्तिपूर्ण सहअस्तित्व, आपसी सहिष्णुता र सहनशीलता, नेपालको साँस्कृतिक विविधताको सम्मान र जातीय मेलमिलाप एवं समन्वयप्रतिको प्रतिवद्धता
- वैचारिक विविधताको सम्मान र बहुदलिय लोकतन्त्र प्रतिको पूर्ण वचनवद्धता
- गणतान्त्रिक व्यवस्थामा पूर्ण आस्था
- जनतामा निहित सार्वभौमिकता
- बालिक मताधिकार एवं आवधिक निर्वाचनको ग्यारेण्टी
- विधिको शासन, अन्तर्राष्ट्रिय रुपमा नै मान्यता प्राप्त लोकतन्त्रका मूल्य मान्यता, मानवअधिकार, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रता, समावेशीता र अनेकतामा एकता जस्ता कुराहरुको पूर्ण सम्मान
- आर्थिक र राजनैतिक स्वतन्त्रता प्रति वचनवद्धता
- सामाजिक न्याय प्रतिको वचनवद्धता
- धर्मनिरपेक्षता
- अन्तराष्ट्रिय कानुनहरुको सम्मान
- दिगो विकास
- नेपालभरी आवागमन एवं बसोवासको स्वतन्त्रता

यी सिद्धान्तहरु अपरिवर्तनिय हुनु पर्दछ र संविधानको प्रस्तावनामा परिवर्तन गर्नु परे जनमत संग्रहबाट अनुमोदन गराउनु पर्ने प्रष्ट व्यवस्था संविधानमा राखिनु पर्दछ।

**ख) मौलिक अधिकार र नागरिकका कर्तव्यहरु**

गैरआवासीय नेपाली संघ हाल अन्तरिम संविधानले दिएको, विश्वव्यापी मानव अधिकारको वडा पत्र १९४८, संयुक्त राष्ट्र संघको राजनैतिक र नागरिक अधिकार सम्बन्धि घोषणा पत्र १९६६ र अन्य अन्तर्राष्ट्रिय संधिहरुबाट प्राप्त राजनैतिक, सामाजिक, आर्थिक, साँस्कृतिक अधिकारको ग्यारेण्टी संविधानले गर्नु पर्दछ भन्ने धारणा राख्दछ। संविधानले मृत्युदण्डलाई निषेध गर्नु पर्दछ।

संविधानले सबै नागरिकहरुलाई लागु हुने गरी केही कर्तव्यहरु पनि उल्लेख गर्नु पर्दछ भन्ने धारणा यस संघको छ। यी कर्तव्यहरुमा निम्न प्रमुख छन्:

- नेपालको संविधानको पालना गर्ने
- आफ्नो अधिकारको उपयोग गर्दा अरुको अधिकारको सम्मान गर्ने
- समूदायका अरु सदस्यहरुलाई मद्दत गर्ने
- नेपालको परम्परा र वातावरणलाई सम्मान गर्ने

- नेपाल राज्यको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको प्रवर्द्धन एवं संरक्षण गर्ने

**ग) शासन पद्धति (कार्यकारिणी)**

गैरआवासीय नेपाली संघको विचारमा मुलुकलाई द्रुततर आर्थिक विकासमा लैजानका लागि स्थिर एवं बलियो केन्द्रिय सरकारको आवश्यकता पर्दछ। लगानीकर्ताहरु विशेष गरी विदेशी लगानीकर्ताहरुले लगानीको निर्णय गर्नु पूर्व राज्यको राजनैतिक स्थिरतालाई निकै महत्वका साथ हेर्ने गरेको पाइन्छ। केही गैरआवासीय नेपालीहरुले संसदीय प्रणालीमा आधारित लोकतान्त्रिक व्यवस्थाको समर्थन गरेपनि तिनिहरुको संख्या थोरै भएको र अधिकांशको राष्ट्रपतीय प्रणालीले बढि स्थायित्व दिन्छ भन्ने धारणा भएको पाइयो। यति हुँदा हुँदै पनि अधिकारको दुरुपयोग रोक्न नियन्त्रण एवं सन्तुलनको राम्रो व्यवस्था गर्नु जरुरी छ। यस सम्बन्धमा गैरआवासीय नेपाली संघको सुझाव निम्न बमोजिमको छः

- ५ वर्षका लागी बालिग मताधिकारबाट राष्ट्रपतिको निर्वाचन
- राष्ट्रपतिमा कार्यकारी अधिकार
- मन्त्रीपरिषदका सदस्यहरुको नियुक्ति राष्ट्रपतिबाट हुने र मन्त्री हुनका लागी संसदको सदस्य हुनु नपर्ने व्यवस्था । स्वार्थ वाझिने अवस्था कम गर्नकालागि मन्त्री भएमा संसद सदस्यबाट राजिनामा दिनु पर्ने व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।
- राष्ट्रपति नेपाली सेनाको सर्वोच्च सेनापति हुने व्यवस्था

वृहत्तर जनसंख्याको समर्थनको सुनिश्चित गर्न राष्ट्रपति पदका उम्मेदवारले निर्वाचित हुन कूल खसेको मतको कम्तिमा ५० प्रतिशत पाउनु पर्ने व्यवस्था गरिनु पर्दछ । कुनै पनि उम्मेदवारले ५० प्रतिशत मत नपाएमा सबभन्दा बढि मत ल्याउने दुई उम्मेदवार विच दोश्रो चरणको निर्वाचनको व्यवस्था गरिनु पर्दछ। राष्ट्रपतिको अधिकारमा निम्न अनुसारको सीमा तोकिनु पर्दछः

- ५ वर्षीय कार्यकाल भएको २ अवधिभन्दा बढी राष्ट्रपति हुन नपाउने व्यवस्था हुनु पर्दछ ।
- राष्ट्रपतिले गरेको निर्णय संविधान र कानुन सम्मत भए नभएको न्यायलयले पुनरावलोकन गर्न पाउने व्यवस्था ।
- राष्ट्रपतिले संविधान सम्मत काम नगरेमा संसदले राष्ट्रपतिलाई महा–अभियोग लगाउन पाउने व्यवस्था गर्ने र सभासदबाट महाअभियोगको प्रस्ताव २/३ बहुमतबाट पारित भएमा त्यसको ४८ घण्टा भित्र आफ्ना उत्तराधिकारीलाई सबै अख्तियार सुम्पनु पर्ने व्यवस्था राखिनु पर्दछ ।
- राष्ट्रपतिबाट नियुक्त गरिने मन्त्रीपरिषदको अनुमोदन संघीय संसदले गर्ने व्यवस्था हुनु पर्दछ ।
- भ्रष्टाचार नियन्त्रण सम्वन्धी स्वतन्त्र निकायलाई राष्ट्रपतिद्वारा प्रयोग गरिने कार्यकारी अधिकारको अनुगमन र राष्ट्रपतिद्वारा भएका अख्तियारको दुरुपयोगको अनुसंधान गर्न

पाउने र त्यसलाई अवाश्यक ठानेमा  मुद्दाका रुपमा उपयुक्त न्यायलयमा लैजान पाउने अधिकार ।

- वंशजको नाताले नेपाली नागरिक भएको व्यक्तिमात्र राष्ट्रपति वा उपराष्ट्रपतिको पद ग्रहण गर्न पाउने व्यवस्था ।
- संसदमा महाअभियोगको प्रस्ताव विचाराधिन भए राष्ट्रपतिले संसदको विघटन गर्न नपाउने व्यवस्था राखिनु पर्दछ ।

**<u>घ) विधायिका</u>**

गैरआवासीय नेपाली संघको विचारमा नेपालको लोकतन्त्रको विकास एवं सुदृढिकरणका लागी विधायिकाले जनताको आकांक्षा शसक्त रुपमा प्रतिनिधित्व गर्नुपर्दछ र नेपाली समाजको वहुलता प्रतिविम्वित गर्नु पर्दछ। यस्तो संसद विगतमा  विभिन्न क्षेत्रबाट उपेक्षित र विकास क्रममा पछि परेकाहरुको आकांक्षा समेट्नुका साथै अरु समूहलाई पनि उपेक्षा नगर्ने र तिनको यथोचित हक हितको संरक्षण गर्न सक्ने किसिमको हुनु पर्दछ। यी उद्धेश्यहरुलाई दुई सदनात्मक विधायिकाको स्थापना मार्फत हासिल गर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ। निर्वाचन प्रणालीको हकमा सोझै निर्वाचन क्षेत्रबाट निर्वाचित हुने (प्रत्यक्ष निर्वाचन) र दलहरुले पाएका मत प्रतिशतका आधारमा निर्वाचन गरिने (समानुपातिक निर्वाचन) को उपयुक्त समिश्रण हुनु पर्दछ भन्ने धारणा हाम्रो छ। यसका अतिरिक्त संसदमा केही गैरराजनैतिक तर समाजमा उल्लेख्य योगदान दिएका र दिन सक्ने व्यक्तिहरुलाई पनि समेट्न सकिने व्यवस्था गरिनु पर्दछ। यस्ता दुई सदनात्मक व्यवस्थापिका वर्तमान विश्वका धेरै लोकतन्त्रहरुमा व्यवस्था गरिएका छन्। नेपालको दुई सदनात्मक व्यवस्था ती मुलुकहरुको केही अनुशरण गरेर बनाउन सकिन्छ। जनताबाट नै प्रत्यक्ष र समानुपातिक निर्वाचनबाट छानिएका प्रतिनिधिहरु रहेका तल्लो सदन र संघीय प्रदेशहरुको प्रतिनिधित्व गर्ने निर्वाचित सदस्यहरु र केही मनोनित सदस्य भएको माथिल्लो सदनको व्यवस्था गरिनु पर्दछ।

मिश्रित र समानुपातिक निर्वाचन प्रणाली भएका मुलुकहरुको इतिहासको अध्ययनले यस्तो प्रणालीमा विधायिकामा धेरै समूह हुने र सरकार पनि स्थिर नहुन सक्ने तर्फ इंगित गर्दछ। जर्मनी, इजरायल, रुस जस्ता मुलुकले विधायिकालाई अति धेरै मात्रामा विभाजित हुन नदिन प्रतिनिधित्वलाई निश्चित मत प्रतिशत पाउनु पर्ने गरी हद तोकेका छन्।

कुन प्रणालीबाट निर्वाचित सदस्यको कति संख्या रहने भन्ने निक्यौल गर्नु कठीन कुरा हो। वृहद छलफल पश्चात गैरआवासीय नेपाली संघ प्रत्यक्ष र समानुपातिक निर्वाचनबाट निर्वाचित हुने विधायिकाका सदस्यहरुको संख्या बराबर (वा प्रत्येक प्रणालीबाट ५० प्रतिशत) रहने तल्लो सदनको व्यवस्था हुनु पर्ने निष्कर्षमा पुगेको छ। विधायिकामा साना समूहको समेत प्रतिनिधित्व सुनिश्चित गर्नका लागी संघीय निर्वाचनमा कुलमतको कम्तिमा ३ प्रतिशत मत ल्याउने दलले संसदमा प्रतिनिधित्व गर्न पाउने छेकबार लगाइएमा विविध विचारको प्रतिनिधित्व सुनिश्चित हुने

र संसदमा पनि धेरै बढी चिरा नपर्ने निष्कर्षमा हामी पुगेका छौं। यस्तो व्यवस्थाले छोटो अवधिको गठबन्धनलाई हतोत्साहित गर्नेछ। साथै निकै कम जनाधार भएका व्यक्तिहरुलाई व्यवस्थापिका संसदमा प्रवेश पाउनकालागि मात्र दल बनाउने प्रवृतिबाट समेत मुक्त हुन सहयोग गर्नेछ। त्यो न्युनतम मत प्रतिशतलाई अलि उच्च विन्दुमा राखिदिने हो भने धेरै विचारधारा एवं दलहरुलाई प्रतिनिधित्वबाट वञ्चित गराउने छ। यी तर्कका आधारमा यो संघ निम्न सुझावहरु पेश गर्दछः

<u>अ) संसदको तल्लो सदन</u>

- नेपालमा दुई सदनात्मक विधायिकाको व्यवस्था हुनु पर्दछ।
- तल्लो सदनका सदस्यहरुको निर्वाचन प्रत्येक ५ वर्षमा वालिग मताधिकारका आधारमा मिश्रित प्रणालीको माध्यमबाट हुनु पर्दछ।
- तल्लो सदनमा निर्वाचन क्षेत्रबाट प्रत्यक्ष रुपमा निर्वाचित हुने सदस्यहरुको संख्या ५० प्रतिशत र दलहरुलाई परेको मतको आधारमा दलहरुबाट दिइएको सूचीका आधारमा समानुपातिक प्रणाली अन्तर्गत निर्वाचित हुने ५० प्रतिशत।
- प्रत्येक संघीय प्रान्तको राष्ट्रिय जनगणनाबाट प्राप्त जनसंख्याका आधारमा ती प्रान्तको निर्वाचन क्षेत्र संख्या निर्धारण गरिनु पर्दछ। प्रत्येक १५ वर्षमा जनसंख्यामा भएको परिवर्तलाई प्रतिविम्वित गर्न प्रान्तहरुको सिट संख्यामा समायोजन गर्ने व्यवस्था गर्न सकिन्छ।
- तल्लो सदनको सदस्य संख्या हाललाई २०० भन्दा बढी हुनु हुँदैन।
- राष्ट्रिय निर्वाचनमा ३ प्रतिशत भन्दा कम मत पाउने राजनैतिक दलले संघको समानुपातिक तर्फको संसद सदस्यको स्थान नपाउने व्यवस्था गरिनु पर्दछ।

<u>आ) संसदको माथिल्लो सदन</u>

- प्रत्येक संघिय प्रान्तबाट ४,४ प्रतिनिधि हुने गरी प्रत्यक्ष रुपमा निर्वाचित सदस्य र राष्ट्रपतिद्वारा समाजको विविध क्षेत्रमा उल्लेख्य योगदान गरेका र राजनैतिक दलहरुसंग प्रत्यक्ष संलग्न नभएका १० जना भएको माथिल्लो सदन गठन गर्ने।
- माथिल्लो सदनको सदस्यको पदावधि ६ वर्षको राखिनु पर्दछ र एक तिहाइ सदस्यको निर्वाचन प्रत्येक २ वर्षमा हुने गरी माथिल्लो सदन स्थायी प्रकारको बनाइनु पर्दछ।

<u>इ) विधायिकाको स्थिरता</u>

गैरआवासीय नेपाली संघ विधायिकामा अस्थिरता आउन नदिन निम्न ३ सुझावहरु पेश गर्दछः

- विश्वका धेरै मुलुकहरुले विधायिकाकालागी समानुपातिक निर्वाचन प्रणाली अपनाएका छन् र नेपालको पनि यस तर्फको पाइला सकारात्मक पहल हो। तर समानुपातिक प्रणाली

आफैमा जादुको छडी भने होइन। यस प्रणालीले मुलुकमा गठबन्धन सरकार अपवाद भन्दा नियमित बन्ने र त्यस्ता गठबन्धन छिटो छिटो जोडिने र टुट्ने डर पैदा हुन्छ जसले अस्थिरता निम्त्याउँछ। नेपालकै इतिहासमा पनि २०४६ साल पछि सरकारमा छिटो छिटो परिवर्तन भयो। यस्तो उतार चढावलाई रोक्न केही विशेष व्यवस्था गर्ने गरिएको पाइन्छ।

- राष्ट्रपतिय र प्रधानमन्त्रीय दुवै प्रणालीमा अधिनायकवादी प्रवृति हावि हुन नदिन अधिकार पृथकिकरण र संतुलनको व्यवस्था गरिनु पर्दछ। शक्ति संतुलनको अभावमा नेपालको आर्थिक उन्नति र प्रगतिमा नै अवरोध खडा हुने संभावना आउँछ। प्रधानमन्त्रीय प्रणालीलागु गर्ने हो भने सरकारको स्थिरताका लागि निम्न अनुसारको व्यवस्था गर्न सकिन्छ । समानुपातिक प्रणाली अन्तर्गत हुन सक्ने सरकारको छिटो छिटो परिवर्तन संभावना रोक्न सकारात्मक अविश्वासको प्रस्तावको व्यवस्था गर्न सकिन्छ। यस्तो व्यवस्थामा जर्मनीमा जस्तो अविश्वासको प्रस्ताव राख्नेले वैकल्पिका सरकारको खाका समेत दिनु पर्ने व्यवस्था गर्न सकिन्छ।यस्तो व्यवस्थाले वैकल्पिक व्यवस्था वेगर नै सरकार ढाल्ने चलखेल रोक्न मद्दत मिल्ने छ। भारतमा पनि जर्मनीमा जस्तै व्यवस्था लागु गर्ने बारे वहस भैरहेको सर्वविदितै छ।
- कुनै संसद सदस्य मन्त्री नियुक्त भएमा संसद सदस्यताबाट राजिनामा दिनु पर्ने व्यवस्था गरिनु पर्दछ।
- कूल खसेको मतको ३ प्रतिशत भन्दा कम मत प्राप्त गर्ने दललाई संसदमा प्रतिनिधित्व गर्न दिइनु हुँदैन। त्यस्ता दलबाट निर्वाचित व्यक्तिलाई अन्य दलमा प्रवेश गर्ने वा स्वतन्त्र सदस्यका रुपमा काम गर्ने स्वतन्त्रता दिइनु पर्दछ। संसदमा उपस्थितिकोलागि पाउनुपर्ने न्युनतम् प्रतिशत मत उंचा रखियो भने नेपाल जस्तो विविधता भएको मुलुकमा साना दल र लोकतान्त्रिक व्यवस्था प्रतिकुल हुन सक्तछ। तर अन्य धेरै मुलुकमा जस्तै कुनै न कुनै हद त तोकिनु पर्दछ। संघको विचारमा ३ प्रतिशतको हदवन्दि उपयुक्त देखिन्छ ।

## ङ) न्यायपालिका

प्रधानन्यायधिश संवैधानिक परिषदको सफारिसमा राष्ट्रपतिद्वारा नियुक्त हुने र अन्य न्यायधिशहरु न्यायपरिषदको सिफारिशमा प्रधानन्यायधिशद्वारा नियुक्त हुने व्यवस्था गरिनु पर्दछ। संवैधानिक परिषदलाई विधायिकामा प्रतिनिधित्व भएका ३ वटा ठूला राजनैतिक दलका नेता र पूर्व प्रधानन्यायधिश सामेल हुने गरी पुनर्गठन गरिनु पर्दछ। न्यायिक परिषदमा महान्यायधिवक्ता र राष्ट्रिय मानव अधिकार प्रमुखलाई समेत राख्ने व्यवस्था हुनु पर्दछ। प्रधानन्यायधिश र न्यायधिशको नियुक्तिमा हालको संसदमा सुनुवाइको व्यवस्था खारेज गरिनु पर्दछ। न्यायपरिषद बढी प्रभावकारी र न्यायधिशको काम कारवाहिको अनुगमन र स्वतन्त्र रुपमा काम गर्न सक्ने गरि विकसित गरिनु पर्दछ। न्याय प्रणालीमा हालको एकात्मक व्यवस्थालाई कायम राख्दै संघिय प्रदेशहरुमा पुनरावेदन सुन्ने उच्च न्यायालयको व्यवस्था गरिनु पर्दछ।

राज्यका विभिन्न निकाय विवाद केन्द्रीय सरकार र प्रादेशिक सरकार विचको विवाद, प्रादेशिक सरकारहरु विचको न्यायिक विवाद, निर्वाचन सम्बन्धी मामलाहरु आदिको न्यायिक सुनवाइ गर्न एक संवैधानिक अदालतको व्यवस्था हुनु पर्दछ। संवैधानिक अदालतलाई केन्द्रीय र प्रान्तीय सरकारका विभिन्न निकायहरुको न्यायिक विवाद निरुपण गर्ने अधिकार दिइनु पर्दछ।

**<u>च) संघिय प्रणाली</u>**

अ) संघीय संरचनाका प्रमुख आधार:

नेपालमा रहँदा हामी आफ्नो स्थानीय, क्षेत्रीय, जातीय, भाषिक पहिचानबाट साँगुरिएपनि विदेशमा बस्दा त्यस्तो पहिचान भन्दा हाम्रो वृहत नेपालीत्वको पहिचान नै महत्वपूर्ण हुन्छ । नेपालमा र विदेशमा हामी सबै हाम्रो सम्पन्न र विविध संस्कृतिका धरोहर (Heritage) विश्वव्यापी नेपालीका रुपमा नेपालको विविधतामा एकताको गैरआवासीय नेपालीहरुको व्यापक समर्थन छ। विश्वव्यापिकरण र आपसी निर्भरताको युगमा नेपालको उन्नति र प्रगति नेपालको विविध पक्षहरु विचको समानता, सदभाव, आपसीय सहयोग र एकतालाई बल पुऱ्याउने संघिय संरचनाबाट नेपालको प्रगति संभव छ भन्ने कुरामा गेरआवासीय नेपाली विश्वास गर्दछन् ।

गैरआवासीय नेपाली समुदायमा जात जाती वर्ण, जस्ता कुरामा मात्र आधारित संघियताका लागी खास समर्थन नपइएको कुरालाई यहां जोड दिनु जरुरि छ । गैरआवासीय नेपाली संघ जात जाती, सम्प्रदाय, भाषा, रंग जस्ता कुराका आधारमा मात्र नेपालका प्रान्तहरुको संरचना गर्ने कुरा प्रजातन्त्रको आधाभूत मूल्य मान्यता कै प्रतिकूल हुन भन्ने ठान्दछ। नेपाल जस्तो बहुजाती, बहुभाषिक मुलुक जहाँ खास जाती समूदायको बसोबास खास क्षेत्रमा सिमित नरहेर धेरै ठाउँमा फैलिएको छ त्यस्तो मुलुकमा यी कुराहरुमा मात्र आधारित भएर राज्यको संरचना संभव छैन। जातीयतामा मात्र आधारित संघिय प्रान्त आर्थिक रुपमा पनि सम्भव नहुन सक्तछन्। यिनै कुरा मनन गरी नेपालको संघिय संरचना, भूगोल, प्राकृतिक श्रोतको उपलब्धता जनतालाई सेवा लिन हुने सहजता र सडक र अन्य यातायात र संचारको संजाल, जातियता, संस्कृति, इतिहास र आर्थिक संभाव्यताका आधारमा हुनु पर्दछ भन्ने हाम्रो धारणा छ।

आ) प्रदेशहरुको विभाजन:

नेपालको भौगोलिक बनोट, जनसंख्याको विविधता, आर्थिक अवस्था एवं संभावनामा विभिन्न इलाकाहरु विचको असमानता, विकासका साधन श्रोतको उपलव्धतामा भएको फरक आदिलाई दृटिगत गरी राज्यहरुको सिमाङ्कन गरी उत्तर दक्षिण भागहरु मिलाएर बनाएका प्रदेशहरुले नेपालको स्थिरता एवं जातिय सहिष्णुतालाई बढावा दिने र समानुपातिक विकासलाई समेत सहयोग गर्ने धारणा यस संघको छ। यसले प्रत्येक प्रान्तमा विभिन्न जातिय समूहहरु रहने छन् र त्यहाँको साधन श्रोत माथिको अधिकारको पनि उपयोग गर्नेछन्। जल, शक्ति, प्राकृतिक साधन श्रोत, खेती योग्य जमिन आदि माथि उनीहरुको संयुक्त स्वामित्वले पर्यटन, कृषि, यातायात विकासलाई सघाउने र गाउँ र सहर विचको अन्तरसम्बन्ध पनि विकास गर्न सहयोग गर्नेछ।

यस्तो प्रदेशहरुले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, बाढी पहिरो, हिमपात, हिमताल विष्फोट जस्ता कुराले हुन सक्ने नकारात्मक असरलाई कम गर्न समेत मद्दत मिल्नेछ।

यी आधारभूत सिद्धान्तमा केही परिवर्तन गर्न सकिन्छ भन्ने संघको धारणा छ। तर मुलुकलाई ६ भन्दा बढी प्रान्तमा भाग लगाउने हो भने आकराको लाभ (Economy of Scale ) बाट वंचित भइ आर्थिक रुपमा प्रान्तहरु/प्रदेशहरु निर्वलियो बन्न सक्तछन्।

इ) केन्द्रीय र प्रादेशिक सरकार विचको शक्ति बाँडफाँड

अरु संघिय मुलुकहरुले अंगालेको प्रावधानहरु हेर्दा संघ र प्रान्तहरु विचको शक्ति विभाजन एक प्रमुख मुद्दा हुने गर्दछ। अन्य मुलुकको अनुभव हेर्दा केन्द्रिय सरकारको अधिनमा राष्ट्रिय सुरक्षा, परराष्ट्र मौद्रिक नीति, केन्द्रीय वैंक, विज्ञान तथा प्रविधि, नागरिक उड्डयन, दुरसंचार, हुलाक, अध्यागमन, भंसार महशुल, सिमा सुरक्षा जस्ता विषय पर्दछन्। केन्द्रीय नीतिको मातहातमा रहि प्रादेशिक सरकारले आर्थिक सामाजिक विकासका नीति बनाउन सक्तछन्। त्यस्तै शिक्षा, संस्कृतिको सुरक्षा, भाषा, स्वास्थ्य, स्थानिय परम्परागत ज्ञान, प्रहरी, सिंचाइ, खानेपानी जस्ता विषय स्थानीय सरकारका मातहातमा परेको पाइन्छ। केन्द्र र प्रदेश दुवैको मातहातमा र दुवैले समन्वय गरी काम गर्नु पर्ने विषयमा राष्ट्रिय राजमार्ग, राष्ट्रिय रेलमार्ग, प्राकृतिक श्रोतको विकास, कानुन व्यवस्था, वतावारण संरक्षण, पर्यटन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, बाढी नियन्त्रण आदि विषय पर्दछन्। गैरआवासीय नेपाली संघ प्रदेश र केन्द्र विच अधिकारको प्रष्ट बाँड फाँड हुनु पर्दछ भन्ने धारणा राख्दछ।

माथि उल्लेखित तर्कका आधारमा गैरआवासीय नेपाली संघ केन्द्रीय सरकारको मातहातमा राष्ट्रिय सुरक्षा, परराष्ट्र, केन्द्रीय वैंक, राष्ट्रिय स्वास्थ्य सेवाका मापदण्ड निर्धारण, प्राथमिक र माध्यमिक शिक्षाका राष्ट्रिय मापदण्ड निर्धारण, विज्ञान तथा प्रविधि, नागरिक उड्डयन, दुरसंचार, हुलाक, अध्यागमन, भंशार महशुल, सिमा सुरक्षा, राष्ट्रिय्र फौजदारी र देवानी कानुन जस्ता कुराहरु पर्नु पर्दछ भन्ने धारणा राख्दछ। शिक्षा, स्वास्थ्य सेवा, यातायात, कानुन व्यवस्था, वातावरण संरक्षणको अधिकार प्रादेशिक सरकार मातहातमा रहनु पर्दछ। केन्द्रीय सरकारले कानुन व्यवस्थाको संकट आइ असाधारण अवस्थाको सिर्जना भएमा प्रादेशिक सरकार भंग गर्ने अधिकार पाउनु पर्दछ।

ई) <u>प्रदेशको आन्तरिक संरचना</u>:

गैरआवासीय नेपाली संघको विचारमा भारतमा नै जस्तो प्रादेशिक सरकारको संरचना नेपालका लागी उपयोगि हुन सक्तछ। त्यसै अनुरुप प्रदेशमा हामी समानुपातिक एवं जनताबाट प्रत्यक्ष निर्वाचन हुने मिश्रित निर्वाचन प्रणालिमा आधारित एक सदनात्मक विधायिकाको सुझाव दिन्छौं । संख्या पछि परिवर्तन गर्न सक्ने गरी हाललाई प्रदेशको विधायिकाको संख्या ४५ तोकिनु उपयुक्त देखिन्छ। प्रत्येक प्रदेशमा एक उच्च न्यायलयको व्यवस्था हुनु पर्दछ। यस्तो न्यायलयले हालको पुनरावेदन अदालतको काम गर्ने गरी तोकिनु पर्दछ। संघिय विधायिकाको अनुमतिमा प्रादेशिक विधायिका भंग गर्न पाउने अधिकार राष्ट्रपतिमा निहित हुनु पर्दछ। तर यस्तो गर्न प्रान्तको

आन्तरिक अवस्थाले राष्ट्रको एकता नै खतरामा पर्ने वा कानुन व्यवस्थाको ठूलो संकट आएको हुनु पर्दछ।

**छ) राष्ट्रिय सुरक्षा सल्लाहकार समिति**

गैरआवासीय नेपाली संघ राष्ट्रको वृहत्तर पक्ष समेट्न राष्ट्रिय सुरक्षा सल्लाहकार निकायको गठनको सिफारिस गर्दछ। यस्तो निकायले नागरिक सरकार र सुरक्षा बल (सेना) विचको सम्बन्ध समुमधुर बनाउने छ। यस्तो निकायमा सेना प्रमुख, विधायिकाका प्रमुख, विधायिकाको प्रमुख प्रतिपक्षका नेता, राष्ट्रपति, प्रधानमन्त्री र रक्षा मन्त्री सदस्य रहने व्यवस्था गरिनु पर्दछ। राष्ट्र प्रमुख सर्वोच्च कमाण्डरका हैसियतले यस्तो निकायका अध्यक्ष रहने व्यवस्था गर्न सकिन्छ। यस्तो किसिमको वृहत्तर निकायको व्यवस्थाले नागरिक सरकार र सेना विच सुमधुर सम्बन्धका साथै निर्णय प्रकृया सरल हुने र राष्ट्रिय सुरक्षामा जवाफदेयिता आउने छ।

**ज) राजनैतिक दलहरु**

राजनैतिक दलहरुमा आन्तरिक लोकतन्त्रको अभ्यासको कमीलाई एक गम्भिर समस्याका रुपमा यस संघले लिएको छ। नेपालको लोकतान्त्रिक विकासका लागी राजनैतिक दलमा आन्तरिक प्रजातान्त्रिक अभ्यास अनिवार्य गर्न यस संघले ठानेको छ। संविधानले नै राजनैतिक दलहरुमा आन्तरिक प्रजातन्त्र हुनु पर्ने व्यवस्था गरिदिनु पर्दछ। कुनै पनि राजनैतिक दलको प्रमुख संघिय संसदको निर्वाचनका लागी बनाइएको प्रत्येक निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने कम्तिमा १० जना भएको निर्वाचन मण्डलीबाट निर्वाचित गरिने व्यवस्था गरिनु पर्दछ। निर्वाचन मण्डलीमा सम्बन्धित पार्टीका जिल्ला समिति सदस्यहरुले पारदर्शी रुपमा निर्वाचन गरी प्रतिनिधि पठाउने व्यवस्था गरिनु पर्दछ। प्रत्येक दलले आफ्नो नेता आवधिक निर्वाचन माध्यमबाट छान्नु पर्ने व्यवस्था गरिनु पर्दछ। दलको नेताको कार्यकाल ५ वर्षका लागी तोकिनु पर्दछ। अविश्वासको मत मार्फत निर्वाचन मण्डलले नेतालाई हटाउन सक्ने व्यवस्था राखिनु पर्दछ। हरेक राजनैतिक दलले आफ्नो वित्तिय कारोवार प्रत्येक वर्ष स्वतन्त्र लेखापरिक्षकबाट लेखापरिक्षण गराउनु पर्ने र प्रकाशित गर्नु पर्ने वाध्यकारी व्यवस्था संविधानमा नै उल्लेख हुनु पर्दछ।

खास जाती सम्प्रदाय, धर्मका आधारमा मुलुकलाई टुक्र्याउने उद्देश्य राख्ने र आफू बसेको समुदाय प्रति घृणा र द्वेष फैलाउने राजनैतिक दल संचालनमा आउन नदिने व्यवस्था गरिनु पर्दछ। त्यसै गरी राजनैतिक उद्देश्य प्राप्तीका लागी हिंसालाई बढावा दिने राजनैतिक दललाई पनि संचालनमा आउन दिनु हुँदैन।

**झ) राज्य संचालनमा समावेशीकरण**:

सरकार संचालनको विभिन्न तहमा व्यक्तिहरुको नियुक्ति, कार्य दक्षता र प्रतिस्पर्धा नै मूल आधार हुनु पर्दछ भन्ने यस संघको धारणा भए पनि पछि परेका महिला, दलित, जनजाति, आदिबासी,

मधेशी, थारु लगायतको विभिन्न पिछडिएका समूहका व्यक्तिहरुको पक्षमा सकारात्मक विभेदको नीति लिन सकिन्छ भन्ने यस संघको धारणा छ। यस्ता नीतिहरु निश्चित समयकालागि मात्र हुनु पर्दछ र कहिले यस्तो नीतिको अन्त्य हुने हो प्रष्ट हुनु पर्दछ। प्रत्येक राष्ट्रिय र क्षेत्रीय दलले उम्मेदवारी दिंदा कम्तिमा एक तिहाई महिलालाई दिनु पर्दछ। त्यस्तै सबै राष्ट्रिय दलहरुले कम्तिमा एक तिहाई सदस्य दलित, जनजाती, आदिवासी, मधेशी, थारु लगायतका सिमान्तकृत समूहहरुको प्रतिनिधित्व गर्ने व्यक्तिहरुलाई दिनु पर्दछ।

<u>ञ) भ्रष्टाचार तथा अख्तियार दुरुपयोग नियन्त्रण</u>:

नेपालको निजी तथा सार्वजनिक क्षेत्रमा हुने गरेको व्यापक भ्रष्टाचार प्रति आम नेपाली सरह गैरआवासीय समूदायको पनि गंभिर ध्यान आकृष्ट भएको छ। भ्रष्टाचारलाई नियन्त्रणमा नल्याए सम्म नेपालले आफू एक स्वतन्त्र र सम्पन्न राष्ट्र बन्न सक्तैन भन्ने यस संघको ठहर छ। विगतमा भएका भ्रष्टाचार नियन्त्रणका कृयाकलापहरुले आफ्नो उद्देश्य हासिल गर्न नसकेको संघको ठहर छ। भ्रष्टाचार र अख्तियार दुरुपयोगका मामलाहरुको अनुसन्धान गर्ने एक स्वतन्त्र भ्रष्टाचार विरोधी स्वतन्त्र आयोगको संवैधानिक व्यवस्था हुनु पर्दछ भन्ने संघको धारणा छ। यस आयोगले आफ्नो कार्यविधि बनाउनुका साथै भ्रष्टाचार र अख्तियार दुरुपयोगका उजुरीहरु माथी अनुसंधान गर्ने र आवश्यक परेमा फौजदारी मामलाको सुरुवात गर्ने अधिकार पाउनु पर्दछ। यस्तो आयोगको अध्यक्ष तथा सदस्यहरु राष्ट्रपतिले मनोनित गर्ने र संघिय संसदले अनुमोदन गर्ने व्यवस्था संविधानले गर्नु पर्दछ।

<u>ट) संविधान संशोधन</u>:

संविधानको संशोधन विधायिकाको २/३ बहुमतबाट हुने व्यवस्था राखिनु पर्दछ। तर संविधानको प्रस्तावनाको संशोधन गर्न नपाइने र प्रस्तावना र यसमा निहित सिद्धान्त कै संशोधन गर्नु परे जनमत संग्रहबाट अनुमोदन भएपछि मात्र संशोधन हुन सक्ने प्रावधान राखिनु पर्दछ।

**ठ) सन्धि अनुमोदन:**

सन्धि अनुमोदनका संवन्धमा हालको अन्तरिम संविधानको प्रावधान नै नयां वन्ने संविधानमा राखिनुपर्ने धारणा यस संघको छ ।

<u>ड) संकटकाल घोषणा सम्बन्धमा</u>:

संकटकाल घोषणाको अधिकार मुलुकको राष्ट्रपतिमा निहित हुनु पर्दछ भन्ने धारणा यस संघको छ । यो प्रावधान अन्य प्रजातान्त्रिक मुलुकहरुले अपनाएको विधि सँग मेल खान्छ । प्राकृतिक विपत्ति, वाह्य मुलुकबाट अतिक्रमण, गृह युद्ध र साम्प्रदायिक दंगाको अवस्था, संक्रामक रोगकहरुको महामारी आदि भएमा मात्र संकटकाल घोषणा गर्न सकिने व्यवस्था गरिनु पर्दछ। संकटकाल घोषणा पूर्व संसदको सभामुख, राष्ट्रिय मानवाधिकार आयोग र पूर्व प्रधान न्यायाधिश रहेको उच्च सल्लाहकार परिषदसंग परामर्श गर्नुपर्ने बाध्यकारी व्यवस्था हुनु जरुरी छ।

कुनै पनि संकटकाल घोषणाबाट सन् १९९६ को अन्तर्राष्ट्रिय नागरिक तथा राजनैतिक अधिकारको वडापत्रले प्रदान गरेको अधिकारहरु निलम्बन गर्न नपाउने व्यवस्था गरिनु पर्दछ। राष्ट्रपतिद्वारा संकटकाल घोषणा भएको एक महिना सोको विधायिका द्वारा अनुमोदन गरिनु पर्दछ। विधायिका नभएको अवस्थामा संकटकाल घोषणा गर्नु परे पहिलेको विधायिका पुनःस्थापना गरी सोबाट संकटकाल अनुमोदन गराउने व्यवस्था रहनु पर्दछ।

**ढ) बाधा अड्चन फुकाउने लगायतका अन्यत्र उल्लेख नभएका आधिकारका सम्बन्धमा**:

दुई प्रकारका विषयहरुमा संघिय प्रणालीमा बाधा अड्चन आउने सक्तछन्। एकतर्फ संविधानबाट कुनै खास व्यक्ति वा निकायलाई तोकिएको अधिकारको विषय आएमा त्यस्तो अधिकार कसले प्रयोग गर्ने । त्यस्तै केन्द्रिय र प्रादेशीक सरकारलाई प्रष्टसंग निर्धारण नगरिएको अधिकार सम्बन्धमा पनि समस्या आउन सक्तछ। देशमा संकटकाल घोषणा गर्ने र बाधा अड्चन फुकाउने अधिकार प्रयोग गर्ने अधिकारी राष्ट्रपति हो तर त्यस्तो अधिकारको प्रयोग उच्च स्तरीय सल्लाहकार परिषदसंग सर सल्लाह गरेर मात्र प्रयोग गरिनु पर्दछ र यस्तो सल्लाहकार समितिमा व्यवस्थापिकाको प्रमुख, राष्ट्रिय मानवअधिकार आयोग प्रमुख र पूर्वप्रधान न्यायधिश रहने गरी गठन गरिनु पर्दछ। राष्ट्रपतिले यस्तो अधिकारको प्रयोग गरेपछि एक महिना भित्र अनुमोदनका लागी संसदमा पेश गर्नु पर्ने व्यवस्था राखिनु पर्दछ।

**ण) गैरआवासीय नेपाली सम्बन्धि व्यवस्था**:

वंशजको आधारमा नेपाली नागरिक भएका र नेपाली नागरिक हुनसक्ने अधिकार राख्ने व्यक्तिहरुलाई कुनै विदेशी मुलुकको नागरिकता लिएकै भरमा नेपाली नागरिकता परित्याग गर्न बाध्य पारिनु हुँदैन। संविधानले दोहोरो नागरिकतालाई स्वीकार गरी विभिन्न कारणबाट विदेशी नागरिकता लिएका व्यक्तिहरुले नेपाली नागरिकता कायम राख्न पाउने व्यवस्था गरिनु पर्दछ। कार्यकारी राष्ट्रपति र समानुपातिक तर्फको निर्वाचन एवं जनमत संग्रहमा विदेशमा बस्ने नेपाली नागरिकहरुले नेपाली नियोग मार्फत सहभागी हुन पाउने व्यवस्था गरिनु पर्दछ। नेपाली मूलका विदेशी नागरिक र निजका परिवारलाई वहु वर्षिय वहुप्रवेसीय भिसाको व्यवस्था गरिनु पर्दछ।

* * * *